चा.नं. ३४५५

# इटहरी उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

इटहरी,सुनसरी

**शिलबन्दि दरभाउ पत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०७४।१।२०**

इटहरी उपमहानगरपालिकाको तपशिलमा उल्लेखित कार्यहरूकोलागि इच्छुक संघसंस्था तथा व्यवसायीबाट यो सूचनाको अधिनमा रही १५ दिनभित्र शिलबन्दी दरभाउ पेश गर्न आव्हान गरिएको छ ।

**शर्तहरू :**

१. दरभाउ फारम प्रति कोटेसन रू १०००। (एक हजार) फिर्ता नहुने गरि तिरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनसम्म कार्यालय समय भित्र यस कार्यालयको जिन्सी शाखाबाट खरिद गर्नु पर्ने छ । दरभाउ फारम खरिद गर्दा निवेदन साथ अध्यावधिक नबिकारण भएको फर्मको इजाजत पत्र, आन्तरिक राजश्व कार्यालय मु.अ.कर दर्ता भएको प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र तथा स्थानीय निकायमा दर्ता भएको प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राख्नु पर्ने छ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन खरिद गर्ने १६ औ दिन १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । दर्ता हुन आएका सिलबन्दी दरभाउ सोही दिन ठीक २:०० बजे यसै कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि र दरभाउदाता वा निजहरूको प्रतिनिधीहरूको रोहवरमा खोलिनेछ । सो समयमा दरभाउदाता वा निजहरूको प्रतिनिधीहरूको उपस्थिति नभएपनि दरभाउ खोल्न बाधा पर्नेछैन ।

३. दरभाउ पेश गर्दा कबोल गरेको रकमको २.५ प्रतिशत रकम धरौटी बापत इटहरी उपमहानगरपालिका कार्यालयको नाममा रहेको ने.बै लि. इटहरीमा रहेको धरौटी खाता चल्ती हिसाब नं. ग–३/०५९०३००००००००३००००३ नेपाल बैक लिमिटेड, इटहरीमा नगद जम्मा गरि सो को सक्कल भौचर वा मान्यता प्राप्त बैकको ४ महिना म्याद भएको बिड वण्ड सक्कलै दरभाउ साथ संलग्न गर्नु पर्ने छ ।

४. दरभाउदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नभएको भनी लिखितरूपमा गरेको घोषणा दरभाउसाथ पेश गर्नु पर्नेछ ।

५. दरभाउ पेश गर्दा शिलबन्दि खाम बाहिर कार्यालयको नाम, कार्यको बिवरण र दरभाउदाता फर्मको नाम, ठेगाना र कुन विषयको दरभाउ पत्र पेस गरेको हो स्पष्ट रूपले उल्लेख गरेको हुनुपर्ने छ ।

६. प्राप्त दरभाउ स्वीकृत गर्ने वा नगर्ने घटी वा बढी अंकवालालाई दिने वा नदिने सो सम्बन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. दरभाउ पत्र शर्तरहीत, केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको डकुमेन्टमा नै भरिएको, कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ ।

८. समयमा प्राप्त नभएको, रीत नपुगेको, सूचनाको शर्त बिपरीत भएको दरभाउमाथि कारवाही हुनेछैन ।

९. दरभाउ खरिद वा दर्ता गर्ने फर्महरूले कामको सम्वन्धमा राम्रोसंग बुझी दरभाउपत्र भरेको मानिनेछ ।

१०. दरभाउ भर्दा दर रेट केरमेट नगरी प्रष्ट रूपमा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा दररेट भरेको फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

११. दरभाउ खरिद गर्ने वा बुझाउने अन्तिम दिन बिदा पर्न गएमा सो को भोलि पल्ट सो कार्यहरू हुनेछ ।

१२. दरभाउमा दर रेट उल्लेख गर्दा भ्याट बाहेकको मुल्य उल्लेख गर्नु पर्नेछ ।

१३. दरभाउको दर रेट तोकिएको दररेटभन्दा बढि राख्न पाइने छैन ।

१४. दरभाउदाताले कुनै पनि नक्कली कागजात पेश गरेको पाइएमा निज दरभाउदाताको दरभाउपत्र रद्द गरी कालोसूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ । साथै जमानत जफत हुनेछ ।

१५. नियमानुसार कर दस्तुर आदि सम्पुर्ण दरभाउदाता फर्मले स्वयं वेहोर्नु पर्ने छ ।

१६. एक फर्मको नाममा खरिद भएको दरभाउ फारम अर्को फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

१७. दरभाउ पत्रको दर रेट स्वीकृति भएको १ हप्ताभित्र उल्लेखित सामाग्री उपलब्ध गराउनु पर्नेछ र फाइबर केवुल विस्तारको काम १ महिनाभित्र सक्नु पर्नेछ ।

१९. दरभाउ पत्रमा उल्लेखित सामाग्रीहरू विभिन्न फारम मध्ये सवैभन्दा कम दर उल्लेख गर्ने एकैको वा फरक फरकको स्वीकृत गर्न सकिनेछ ।

२०. फाइवर केवल जडान गर्ने दरभाउ कर्ताले राखेको धरौटी रकम ग्यारेन्टी समयसकेपछि मात्र फिर्ता पाउनेछ ।

२१. दरभाउ सम्वन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको जिन्सी शाखामा सम्पर्क राखी बुझ्न सकिने छ ।

२२. यस सूचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराका हकमा सार्वजनिक खरिद ऐन २०६३ एवं नेपाल सरकारको प्रचलित कानुन अनुसार हुने छ ।

| क्र.सं. | कामको विवरण | प्रविधि विवरण | कैफियत |
|---|---|---|---|
| १ | २० वटै वडा कार्यालयहरूमा फाइबर केवल जडान (Intranet) | GPON प्रविधिद्वारा Networking | Networking सहित जडान हुने समानहरू कम्तिमा १ वर्षको ग्यारेन्टी हुनुपर्ने |
| २ | इन्टरनेट सर्भिस उपलब्ध गराउने | 8MB Dedicated (1:1) and 4 Static IP वा सोभन्दा माथि | |

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

पिताम्बर अधिकारी
प्रमुख प्रशासकीय अधिकृत